जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४० म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४० अंक ४१ २०७९ साल जेठ १ गते आइतवार (15 May 2022 Sunday) मूल्य रु. ७/-

जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेरमात्र खाऔं।

खेती गरेर उमारेका च्याउमात्र खाने गरौं। अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : मविकृत राजनीति, बोझिलो ... पृष्ठ ४ मा : राजनीतिज्ञ नै जनताको स्वास्थ्य ... पृष्ठ ५ मा : महिला झुण्डिएको अवस्थामा ... पृष्ठ ५ मा : आगलागीमा २० को ...

## सप्तरीमा १८ मध्ये १६ पालिकाको मतगणना सुरु



**राजविराज**/सप्तरीको १८ स्थानिय तह मध्ये शनिबार १६ पालिकाको मतगणना सुरु भएको छ ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका र रुपनी गाउँपालिकाको १/१ मतदान केन्द्रमा विवादका कारण निर्वाचन स्थगित भएकाले पुनः निर्वाचन सम्पन्न भएपछि मात्र मतगणना कार्य अघि बढ्ने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

डाक्नेश्वरी नगरपालिकाको वडा नं. २ स्थित मतदान केन्द्रमा मतदान अधिकृतमाथी हातपात तथा मतपेटिका तोडफोड भएकाले निर्वाचन स्थगित गरिएको छ । उक्त वडामा जेठ १ गते पुनः निर्वाचन हुने तय भएको छ ।

यस्तै रुपनी गाउँपालिकाको वडा नं. ७ बसबिटी मतदान केन्द्रको पनि निर्वाचन स्थगित गरिएकाले मतगणना रोकिएको हो । त्यहा स्थगित गरिएको निर्वाचनको मिति टुंगो लागेपछि पुनः निर्वाचन गराइने मुख्य निर्वाचन अधिकृत चन्द्रमणि ज्ञवालीले जानकारी दिएका छन् ।

शनिबार राजविराज नगरपालिका, कंचनरुप नगरपालिका, बोदेबरसाइन नगरपालिका, खडक नगरपालिका, सप्तकोशी नगरपालिका, हनुमाननग कंकालिनी नगरपालिका, सुरुङ्गा नगरपालिका, बलान बिहुल गाउँपालिका, राजगढ गाउँपालिका, तिरहुत गाउँपालिका, महदेवा गाउँपालिका, विष्णुपुर गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र अग्निसाइर कृष्णासवरण गाउँपालिकामा मतगणना सुरु भएको छ ।

शनिबार अबेर साँझसम्म कुनै पनि पालिकाको अन्तिम परिणाम आउन सकेको छैन् । मतगणना कार्य सुस्त गतिमा हुँदै गरेकाले अन्तिम परिणाम आउन अझै तीन/चार दिन लाग्ने अनुमान गरिएको छ ।

यद्दपी प्रारम्भिक नतिजामा नेपाली काँग्रेस र लोकतान्त्रिक समाजवादी पार्टीले पाँच/पाँच स्थानमा अग्रता लिएका छन् । यस्तै जनता समाजवादी पार्टीले तीन र नेकपा एमालेले एक स्थानमा अग्रता लिएका छन् ।

मतगणनाको परिणाम सुन्न अहिले मतगणना केन्द्र बाहिर सर्वसाधारणको भिड लागेको छ । ८ सय ५६ पदका लागि भएको निर्वाचनमा कुल ५ हजार ४ सय २४ जना उम्मेदवार चुनावी प्रतिष्पर्धामा छन् ।

## सप्तरीमा ६५ प्रतिशत भन्दा बढी मतदान

**राजविराज**/शुक्रबार सम्पन्न स्थानिय तहको निर्वाचनमा सप्तरीमा ६५ प्रतिशत भन्दा बढी मतदान भएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

९ नगरपालिका र ९ गाउँपालिकाका जनप्रतिनिधिका लागि भएको निर्वाचनमा ६५ प्रतिशत भन्दा बढीले मतदान गरेका छन् ।

शुक्रबार सम्पन्न निर्वाचनमा जिल्लाको डाक्नेश्वरी

***बाँकी अन्तिम पृष्ठमा***



चट्याङबाट बचौ र बचाऔं।

**चट्याङबाट बच्न,**

घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा ज्याप्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सप्तरीको दुई सहित ८५ केन्द्रमा निर्वाचन स्थगन

**राजविराज**/सप्तरीको दुई वटा मतदान केन्द्रमा निर्वाचन स्थगित भएको छ ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका वडा नं. २ स्थित मतदान केन्द्रमा मतदान अधिकृतमाथी हातपात तथा मतपेटिका तोडफोड भएकाले निर्वाचन स्थगित गरिएको हो ।

सो मतदान केन्द्रमा मतदान चलिरहेका बेला एक उम्मेदवारका समर्थित व्यक्तिले मतपेटिका तोडफोड तथा मतदानमा खटिएका कर्मचारीमाथी हातपात गरिएपछि निर्वाचन स्थगित गरिएको थियो ।

मतदान गर्न गएका एक जना शारिरीक रुपले अशक्त बृद्ध मतदाताले इच्छाएको उम्मेदवार भन्दा अर्कै उम्मेदवारको चुनाव चिन्हमा मतसंकेत गरिदिएको आरोप लगाएर होहल्ला गरेपछि मतपेटिका तोडफोड र मतदान अधिकृत विपिन यादवमाथी हातपात भएपछि निर्वाचन स्थगित गरिएको जनाइएको छ।

स्थगित गरिएको निर्वाचन जेठ १ गते हुने तय गरिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले

***बाँकी अन्तिम पृष्ठमा***

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६९ मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### मतगणनालाई प्राविधिक मैत्री बनाउन ध्यान पुगोस्

अहिले स्थानिय तह निर्वाचन सम्पन्न भएपछि मतगणना कार्य सुरु भएको छ। अधिकांश स्थानको मतगणना कार्य निकै सुस्त गतिमा भइरहेको छ। हुन त मतगणना कार्यमा कुनै प्रविधि प्रयोग गरेको देखिन्न्। हातबाटै गणना गरेको दृश्य देखिन्छ। मतपेटिका खोल्नु, त्यसबाट मतपत्र निकालेर हातबाटै मिलाउनु र एक/एक मतपत्रलाई विभिन्न दलहरुको प्रतिनिधिलाई देखाएर रुजु गर्नु लगायतका कार्य गरिन्छ। जसका कारण गणना प्रक्रियामा ढिलाई हुने गरेको छ।

यस्ता कार्यप्रति सबैतिर आलोचन समेत भइरहेको छ। तर, निर्वाचन आयोगले यसप्रति ध्यान पुऱ्याएको देखिदैन्। निर्वाचन अधिकृतको कार्यालयले आफ्नो मातहतका मतगणना स्थलमा गन्ती गर्ने कार्यलाई तिब्रता नदिँदा मतगणनाको परिणाम आउन ढिलाई पनि भइरहेको छ। मतगणना स्थल अगाडी सर्वसाधारणहरु मतपरिणाम सुन्न उत्साहित रहेकाले उनीहरु मतगणना ढिलाईका कारण निरास हुँदै फर्किरहेका छन्।

मतगणनाको परिणाममा ढिलाई हुनुका साथै निर्वाचन आयोगको आफ्नो वेव साइटमा समेत त्यसको परिणाम ढिलो गरि पनि नदेखाउनु आफैमा अनौठो रहेको छ। अहिलेसम्म पनि निर्वाचन आयोग प्रविधिमैत्री बन्न सकेको छैन्। तसर्थ डिजिटल युगमा आयोग आफै प्रविधिको उपयोग गर्न नसक्नुले भविष्यमा यसलाई सच्याउनु पर्ने आवश्यकता रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विकृत राजनीति, बोझिलो चुनाव र बिग्रँदो साख




भनिन्छ, राजनीति जनता, समाज र राष्ट्रको सेवा हो। यो समाजको नेतृत्व गर्ने मेरुदण्ड हो, जुन शतप्रतिशत सेवाभावबाट निर्देशित हुनुपर्दछ। तर पछिल्लो समय राष्ट्रिय राजनीतिले आफ्नो आधारभूत आदर्श र मूल्यहरू गुमाउँदै गएको देखिन्छ। राजनीति यो वा त्यो कोणबाट आलोचित बनिरहेको छ। संस्कार, संस्कृतिहरू विकृत र विसङ्गतीपूर्ण बन्दै गइरहेको छ।

राजनीति मानव समाजको निर्विकल्प साधन र अभिन्न अङ्ग हो। यसले खास समाजमा नेतृत्वदायी वा अभिभावकको भूमिका खेल्छ। यद्यपि राजनीति सर्वाधिक महत्त्वपूर्ण आयाम हुँदाहुँदै पनि आज यसको चरित्र बिग्रँदो छ भने साख खस्किँदो छ। यसमा अन्तर्निहित कारणहरू के के हुन्? यहाँ यसका वस्तुगत पक्षहरू कोट्याउने प्रयत्न गरिएको छ।

अघिल्लो स्थानीय निर्वाचन सकिएलगत्तै काठमाडौं बौद्धमा बस्ने एकजना मित्रसँग मेरो भेट भयो। हामी दुईबीच चिया पिउने क्रममा समसामयिक राजनीतिबारे चर्चा भयो। यद्यपि मित्र र मेरो राजनीतिक विचार मिल्दैन थियो। भर्खरै सम्पन्न चुनावलगायत पछिल्लो राजनीतिक कटु यथार्थबारे छलफल गर्यौं। यसै सिलसिलामा मित्रले भन्नुभयो, 'अब म दस-बाह्र वर्ष जति ठेक्कापट्टा, व्यापार व्यवसाय गरेर पाँच-सात करोड नकमाईकन राजनीतिमा लाग्दिन। किनकि राजनीतिमा लागेपछि चुनाव लड्नैपर्छ। यसको लागि ठूलो भोल्युममा पैसा चाहिन्छ। बिना पैसा पार्टी, नेता र जनतासँग सुखद र फलदायी उठबस हुँदैन। मतदाताले पत्याउँदैनन्। यसो भन्दै उनले आफ्नो भावी राजनीतिक योजना सुनाए।' मित्रको भनाइमा राष्ट्रिय राजनीतिको यथार्थ चरित्रको कटु विम्ब थियो।

वस्तुतः हाम्रो अर्थराजनीति इतिहासकै सर्वाधिक बदनामको स्थितिबाट गुज्रिरहेको छ। राजनीतिक आदर्शका सीमास्तम्भहरू ढलिरहेको छ। सिद्धान्तका मार्गचित्रहरू अस्पष्ट बनिरहेको छ। नैतिक मूल्य र मान्यताको लक्ष्मणरेखाहरू मेटिरहेको छ। विवेक र अनुशासनको फलामे पर्खालहरू भत्किँदैछ। आस्था, विश्वास र निष्ठाहरू भौतिक सुविधामा सौदाबाजी भइरहेको छ। प्रतिबद्धता र इमानदारिताहरू अवसरसँग विनिमय गरिँदैछ। त्याग, सङ्घर्ष र बलिदानहरू निजी स्वार्थको छायाँमा परिरहेको छ।

कर्तव्य, दायित्व र सेवाभाव व्यापारीकरण र भ्रष्टीकरणको बन्दी बनिरहेको छ। यसले मुलुक बनाउने सुन्दर सपना र योजनालाई लिलाम गरिरहेको छ। विकास, शान्ति र समृद्धिका निश्चल र पवित्र उद्देश्यलाई दलालीकरण र अपराधीकरण गरिँदैछ। जनताका परिवर्तन, न्याय र समानताका चाहना निरीह हुँदैछ। राजनीति सही रूपान्तरणतर्फ होइन, झनै विकृत बन्दै गइरहेको छ। यसले हाम्रो गलत गन्तव्य तर्फको यात्रालाई सङ्केत गरिरहेको छ।

आज हामीले झेलिरहेको समस्या समग्र अर्थराजनीतिक समस्याकै उपज हो। मूलतः अर्थराजनीतिक चरित्र समग्र हो भने पार्टी, समूह र व्यक्तिमा अभिव्यक्त हुने चरित्र अंश हो। द्वन्द्ववादबाट नियाल्दा समग्र र अंश अन्तरसम्बन्धित पहलुहरू हुन्। तर समग्र प्रधान र निर्णायक हुन्छ। अर्थात समग्रमा हल खोज्यौं भने अंश स्वतः निर्देशित हुन्छ। तर अंशले समग्रलाई कमान्ड गर्न सक्दैन। तब त्यो परिणाममुखी हुँदैन। यसकारण समाधन समग्रमै खोज्नु पर्दछ अर्थात् राजनीतिलाई यथास्थितिमा राखेर कुनै समूह वा व्यक्तिलाई मात्र रूपान्तरण गर्न खोज्यौं भने त्यो सम्भव हुँदैन। यसका लागि सिङ्गो अर्थराजनीति र यसले अङ्गीकार गर्ने आधारभूत दृष्टिकोणमा अन्तरनिहीत अवैज्ञानिक र अव्यावहारिक पक्षहरूलाई सच्याएर मात्र रूपान्तरणको प्रक्रिया आरम्भ हुन्छ। अन्यथा रूपान्तरणको मुद्दा भोट ब्ल्याकमेलिङ गर्ने सुगरकोटेड नारा मात्र हुन्छ।

वर्तमान राजनीति शास्त्रीय वा औद्योगिक पुँजीवाद, वित्तीय पुँजीवाद, निगम पुँजीवाद हुँदै उपभोगवादी अराजक एकाधिकार पुँजीवादमा सङ्क्रमणको अवस्थामा छ। आधारभूत रूपमै पुँजीवाद निजी स्वार्थ, अवसर र नाफाअन्तर्गत अकुत धन आर्जनको परिपाटी हो। यसमा जसरी पनि नाफा कमाउने हदैसम्मको निकृष्ट स्वार्थजन्य हर्कतहरू निसङ्कोच गर्ने गरिन्छ। यस्तै गतिविधिहरूको उत्कर्षमा यसले अराजक वा आपराधिक चरित्र ग्रहण गर्दछ।

स्वभावतः जसरी पनि बढी

*बाँकी तीन पृष्ठमा*

## हार्दिक समवेदना



जन्म मिति
बि.सं. २०१५

**महासुन्दरी देवी शर्मा**

स्वार्गारोहण
बि.सं. २०७९।०१।२५

यस संस्थाका शेयर सदस्य श्रीमति गिता देवी शर्माकी सासु आमा श्रीमति महासुन्दरी देवी शर्माको मिति २०७९ बैशाख २५ गते विहान ६४ वर्षको उमेरमा स्वर्गवास भएको हुँदा मृतक आत्माको चिरशान्तिको कामना गर्दै बैकुण्ठमा वास होस् भनी भगवानसँग प्रार्थना तथा परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछौं।

**जन ज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९, मलेठ परिवार**

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## विकृत राजनीति,...

कमाउने र जसरी पनि जित्ने रणनीति अन्तर्गत सिद्धान्त, मूल्यमान्यता र अनुशासनका छेकवारहरू निष्प्रभावी हुन्छ । परिणामतः हरेक सत्ता वा व्यक्तिमा चरम अवसरवादी, स्वार्थी, लोभीपापी, पदलोलुप, भ्रष्ट, दलाली जस्ता आपराधिक मनोवृत्ति मौलाउँछ । यसरी अर्थराजनीतिक दृष्टिकोण नै गलत मनोविज्ञानद्वारा निर्देशित भएपछि त्यस मातहत रहने सम्पूर्ण सामाजिक सत्ता, समूह, व्यक्ति पनि अंश-अंशमा सोही भाष्यद्वारा निर्देशित हुन्छ । यो सार्वभौम नियम हो अर्थात् व्यक्तिहरूमा अभिव्यक्त गलत संस्कृतिको मूलभूत कारण अर्थराजनीति नै हो । त्यसैले समग्रमा अन्तर्निहित समस्याको हल अंशमा खोजेर हुँदैन ।

वस्तुतः अर्थराजनीतिक चरित्रको कारण आज राजनीति विकृत र विसङ्गतिको उत्कर्षमा पुगेको छ । यसलाई व्यापारीकरण, भ्रष्टीकरण र दलालीकरण गरिँदैछ । अरू पेसा व्यवसायभन्दा राजकीय सत्ताको शक्ति, स्रोतसाधन, मान-मर्यादा र प्रतिष्ठाको बेग्लै स्वाद हुन्छ । यही अतिरिक्त स्वार्थका कारण अन्य पेसाभन्दा छुट्टै आकर्षण देखिन्छ । जन्मने, हुर्किने, पढ्ने, जागिर खाने, पेसा व्यवसाय गर्छन्, धन आर्जन गर्छन् अनि सबैखाले भौतिक सुखसुविधाले पूर्ण हुन्छन् तर पनि मान्छे सन्तुष्ट हुँदैनन् । अन्त्यमा उनीहरू शक्ति, नाम र प्रतिष्ठालाई स्थापित वा सार्वजनिकीकरण गर्न आफ्नो पृष्ठभूमिलाई भँजाउँदै भ्रूणबाटै अवसरजन्य दलालीमार्फत् अमूक पार्टीमा बनिबनाउ नेता बनेर तामझामसहित प्रवेश गर्छन् । राष्ट्रिय राजनीति र उनीहरूको वर्गचरित्र मिल्दोजुल्दो देखिन्छ, जसले राजनीति महाविकृत बन्दैछ भने वितृष्णा उत्कर्षमा पुगिरहेको छ ।

आवधिक चुनावलाई लोकतन्त्रको प्राण भनिन्छ । तर चुनाव असाध्यै खर्चालु, तडक-भडक, ढोंग र आडम्बरमा आधारित हुँदैछ । यसमा साम, दाम, दण्ड र भेदको अस्त्रमार्फत मतदाताहरूलाई 'ब्ल्याकमेलिङ' गरिन्छ । उनीहरूलाई गलत निर्णयका लागि उक्साइन्छ । हल्लाखल्ला, भीडभाड र रूपवादी माहोल हाबी हुन्छ । खर्चालु, तडकभडक र आडम्बरी चुनावी चरित्रका कारण सही एजेन्डाधारी पार्टीभन्दा एजेन्डाविहीन औसत भावनात्मक नाराहरूमा भ्रमित हुन्छन् । चुनावमा मतदाताहरू भ्रमित हुनु भनेको मुलुक नै भ्रमित हुनु हो । साथै पार्टीमा सङ्गठित सापेक्षित इमानदारहरू नेता कार्यकताहरूभन्दा औसत माहोल अनुरूप उठबस गर्न सक्नेहरू चुनावी प्रतिस्पर्धामा आउँछन् । परिणामतः उद्योगी, व्यवसायी, दलाल, ठेकेदार, डोजरवाला, विचौलिया र कमिसनखोरहरू राजनीतिक एसल्टमा हुन्छन् । उनीहरूमा सिद्धान्त, निष्ठा र इमानदारिताभन्दा पनि भड्किलो र गलत रवैयाहरूको माध्यमबाट पार्टी, नेता, कार्यकर्ता र भोटरहरूको भावनामाथि खेलवाड र खरिदबिक्री गर्छन् । उनीहरूलाई ब्ल्याकमेलिङ गर्दै आफ्नो स्वार्थको चङ्गुलमा बन्दी बनाउँछन् । परिणामतः पुँजीवालाहरू राजनीतिमा हावी हुन्छन् । पङ्क्तिकार चुनावको विरोधी होइन । तर खर्चालु र विकृत चुनावी प्रक्रियाले सिङ्गो समाज नै दलालीकरण र भ्रष्टीकरणको दलदलमा फसिरहेको छ ।

दुःखका साथ भन्नुपर्छ, नेपालमा श्रम संस्कृति छैन । श्रम गरेर खानेभन्दा ठगठाग र दलाली गरेर रवाफिलो वा भड्किलो जीवनशैलीमार्फत समाजमा बोलवाला कायम गर्नेहरू धेरै छन् । रूपवादी समाजमा हुने यस्तै हो । श्रमसहितको विचार, सिद्धान्त र मूल्यमान्यताद्वारा निर्देशित समाजमा श्रमजीवीहरू हाबी हुन्छन् । उनीहरू हाबी हुनु भनेको उत्पादन वृद्धिसँगै आदर्श, निष्ठा, विवेक र इमानदारीता हाबी हुनु हो । न्याय र समानता हाबी हुनु हो । विडम्वना पद, पावर र पैसाले नेतृत्व गरेको समाजमा व्यावसायिक दलालहरू हाबी हुन्छन् । उनीहरू हाबी हुनु भनेको नचाहँदा-नचाहँदै पनि आपराधिक र भ्रष्ट संस्कृति संस्थागत हुनु हो । नियम कानुनलाई बन्दकी बनाउनु हो । समाजलाई भ्रष्टीकरण गर्नु हो । विवेकहीनता, अनुशासनहीनता र अराजकता हाबी हुनु हो । यसो भएपछि समग्र राजनीतिमा आदर्श, मूल्य र विधि-पद्धतिको गुञ्जायस हुँदैन ।

चुनावी राजनीति असाध्यै खर्चालु, विकृत र लोभी-पापी स्वार्थमा आधारित हुँदैछ । राजनीतिले बाटो विराइरहेको छ, जसका कारण विश्वासको सङ्कट पैदा भइरहेको छ भने साख र समर्थन खस्किँदो छ ।

यसरी समग्र राजनीति जसरी पनि चुनाव जित्नु र जिताउनुमा केन्द्रित छ । मत माग्ने र मत दिने दुवै पक्षले आआफ्नो निहित स्वार्थमा राम्रो नराम्रो सबैखाले साधनहरूको दुरुपयोग गर्दछ । यसले असाध्यै गलत संस्कृति हाबी भइरहेको छ, जुन विडम्बनाको विषय हो । पार्टी र उम्मेदवारहरूमा मतदाताहरूमाथि जसरी पनि गलत प्रभावमा पारी चुनाव जित्ने स्वार्थबाहेक अरू केही हुँदैन ।

यता मतदाताहरू पनि निहित स्वार्थलाई चुनावी दाउसँग विनिमय गर्ने क्रम बढ्दो छ । उदाहरणका लागि सार्वजनिक जग्गा मिचेर बस्छन् अनि लालपूर्जाका लागि नेता वा उम्मेदवारहरूलाई ब्ल्याकमेलिङ गर्छन् । भ्रष्टाचार, चोरी, बलात्कार, ठगी, तस्करी लगायतका सामाजिक अपराधमा हिरासत पुग्छन् । तब राजनीतिक दल, नेता र कार्यकर्ताहरूलाई छुटाउनका लागि गुहार्छन् । अवैध ढुङ्गा बालुवा दोहन गर्छन् । ट्याक्टर र टिपर छुटाउन पार्टी वा नेतालाई भनसुन गर्छन् । चुनावमा सहयोग गर्ने वाचासहित ब्ल्याकमेलिङ गर्छन् । यो मुद्दा मिलाइदिनु भयो भने पार्टीमा लाग्छु भन्छन् । आर्थिक लगायतका अन्य थुप्रै बोलकबोलहरू पनि गर्छन् । यस्तो संस्कृतिले उम्मेदवारले चुनाव जित्छ, मतदाताले पनि स्वार्थ पूरा गर्छ । तर समाज चाहिँ चरम अपराधीकरण र भ्रष्टीकराणमा फस्दै जानेछ । यसको जिम्मा कसले लिने ? यो गम्भीर यक्ष प्रश्न हो ।

नेता कार्यकर्ताहरू पनि चुनावी राजनीतिक कार्यदिशा र कमिसन संस्कृतिका कारण मुद्दा मिलाउन न्वारानको बल लगाएर तथाकथित शक्ति भिडाउन थाल्छन् । तर हरेक उठबस स्वार्थप्रधान भएपछि गलतलाई गलत भन्ने नैतिक बल कसैमा रहँदैन । यसकारण राजनीतिलाई अपराधीकरण र दलालीकरण गराउनुमा पार्टी, नेता र कार्यकताको मात्र दोष देखाएर तथ्य नजिक पुगिँदैन । किनकि मतदाताहरूको गलत स्वार्थ पनि उत्तिकै जिम्मेवार देखिन्छ ।

मूलतः शक्तिको दुरुपयोग गर्दै स्वार्थको लागि गलत काम गर्ने र गराउने दुवै अपराधी र भ्रष्टाचारी हुन् । घुस खाने र खुवाउने दुवै समाजको कलङ्क हुन् । मत किन्ने र बेच्ने दलाल हुन् । भ्रम पार्नु र भ्रमित हुनु पनि अपराध नै हो । यसरी दोहोरो स्वार्थमा गरिने भनसुन र लेनादेनाहरू नै वैधानिक भ्रष्टाचार र संस्थागत अपराधको मुख्य कारण हुन् । यो विश्वास र इमानको राजनीतिमाथिको धोका र गद्दारी हो । समाजमा बढ्दो महामारी जस्तो गलत संस्कार यसैको उपज हो ।

तसर्थ पुँजीवादद्वारा निर्देशित अर्थराजनीतिमा सम्पूर्ण सामाजिक सत्ताहरू स्वार्थी, लोभीपापी र जालझेलमा आधारित हुन्छ । पद, पावर र पैसाको लागि हदैसम्मको निकृष्ट हर्कत गरिन्छ । यसले सिङ्गो समाजलाई दलालीकरण, भ्रष्टीकरण र अपराधीकरण गर्दछ । जसरी पनि चुनाव जित्ने दाउमा सबैखाले स्वार्थी हतकण्डा अपनाइन्छ । जनता पनि स्वार्थ प्राप्तिमा मतको नाङ्गो सौदाबाजी गर्छन् । सिद्धान्त, एजेन्डा, इमान-जमान, निष्ठा र आदर्शहरू किनार लाग्छन् । भ्रष्ट, लोभी-पापी र विचौलियाहरू मूल प्रवाहमा हुन्छन् । राजनीति सत्ता र शक्तिको चरम दुरुपयोग गर्दै भ्रष्टाचार र अपराधको अखडा बन्दै जान्छ ।

त्यसैले बिग्रँदो राजनीति, खर्चिलो चुनाव अनि खस्किँदो साखलाई रूपान्तरण गर्न स्वार्थी, दलाल अर्थराजनीतिको विकल्प खोज्नु अपरिहार्य देखिन्छ । जनताले पनि निकृष्ट स्वार्थमा अमूल्य मत बेच्नु अपराध हो । गलत स्वार्थमा मत बेच्नु भनेको देशै बेच्नु तुल्य हो । राजनीति, विचार, एजेन्डा र इमानमाथि घात गर्नु हो । समाजलाई भ्रष्टीकरण गर्नु हो । यस्तो गलत प्रक्रिया नरोक्ने हो भने, मुलुक गम्भीर बेथिति र विसङ्गतितर्फ जाने निश्चित छ । सरोकारवाला सबैलाई चेतना होस् ! रातोपाटीबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**



**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

# राजनीतिज्ञ नै जनताको स्वास्थ्य अधिकारबारे स्पष्ट हुन सकेनन्

संविधानमा स्वास्थ्यको हक भनेर लेखियो । त्यसलाई टेकेर थुप्रै राजनीतिक दलहरुले आफ्ना घोषणापत्र बनाए । प्रतिबद्धता पनि जाहेर गरे । तर मलाई शंका छ, स्वयं संविधानमा लेखेर र आफैंले प्रतिबद्धता जाहेर गरेका कुराहरुका बारेमा राजनीतिक दल र दलका नेताहरु स्पष्ट छन् वा छैनन् ?

उनीहरुमा दिशाबोध छ वा छैन ? संविधानमा लेखिएको छ, नागरिकको स्वास्थ्य अधिकार भनेर । राज्यमा नागरिकको स्वास्थ्य अधिकार भनेको के हो ? के कुरालाई स्वास्थ्य अधिकार भनिरहेका छन् ? संविधानअनुसार राज्य व्यवस्थामा रहेका शक्तिहरुले यसलाई कसरी बुझेको छ ? जब राष्ट्र निर्माताहरुको बुझाइमा नै अस्पष्टता छ भने हामीले कसरी अपेक्षा गर्ने ?

नागरिकको हक सुनिश्चित गर्ने हक राज्यको दायित्व भनिएको छ । यसलाई राज्य सञ्चालकहरुले कसरी बुझेका छन ? यही नागरिकको हकको कुरालाई यो देशले राम्रोसँग बुझेको भए आजको दिनमा नागरिकले आधारभूत स्वास्थ्यसेवा बजारमा खरिद गरेर उपभोग गर्नुपर्ने अवस्था हुँदैन थियो होला । राज्यले नागरिकको हकको विषयमा स्पष्ट धारणा राख्न सकेको भए राज्यले नै अनुमति दिएको, अनुगमन गरेको र नियन्त्रण गरेको निजी क्षेत्रबाट आधारभूत स्वास्थ्य सेवा बिक्री हुने थिएनन् होला । त्यसैले अस्पष्टताका विषयलाई टुंग्याउनुपर्छ । राजनीतिज्ञहरु नै आधारभूत स्वास्थ्य सेवाबाट प्रष्ट हुनुपर्छ, यसमा नीतिगत स्पष्टता हुनुपर्छतलस् ।

त्यसपछि मात्रै व्यवस्थापनको पाटो आउँछ । संविधानले दिएको स्वास्थ्य अधिकारलाई राजनीतिज्ञले नै स्पष्ट नबुभ्दा यो ५ वर्षमा आधारभूत स्वास्थ्य सेवाको उपलब्धतामा खासै प्रगति भएन । संविधानले दिएको स्वास्थ्य अधिकारको व्यवस्थाअनुरुप राजनीतिज्ञ, राज्य चलिरहेको जस्तो मलाई लाग्दैन ।



डा शरद वन्त

स्वास्थ्य सेवा भनेको बजारमा बिक्री हुने वस्तु होइन। यसलाई त्यसरी हेरिनुहुँदैन । स्वास्थ्य सेवाका उपभोग गर्ने नागरिक ग्राहक वा उपभोक्ता होइनौं। हामी सेवाग्राही हो ।

कम्तिमा राजनीतिक दलहरु र नेतृत्वले स्वास्थ्य नागरिकको हक हो भन्ने कुरालाई आत्मसात गर्ने हो भने हाम्रो सिंगो प्रणाली समानता र सामाजिक न्यायको सिद्धान्तमा आधारित हुनुपर्छ । हाम्रो स्वास्थ्य प्रणाली बजारमुखी होइन, लोककल्याणकारी हुनुपर्छ । लोककल्याणकारी र बजारमुखीबीच धेरै भिन्नता छ ।

यसको भिन्नतालाई राजनीतिज्ञले बुझ्न सकेमात्रै स्वास्थ्य अधिकारका विषयमा उनीहरुले गरेको प्रतिबद्धता सार्थक हुन्छ । व्यवस्थापन सही हुँदैन भने उद्धेश्य पनि पुरा हुन सक्दैन । आज स्वास्थ्य सेवा प्रभावकारी हुन सकिरहेको छैन । आम नागरिकले आफ्नो हकअनुसार स्वास्थ्य सेवा उपभोग गर्न पाइरहेका छैनन्, पाएका सेवाहरु गुणात्मक छैनन् । यो नतिजामात्र हो । यसको कारण के हो ? यसको अब राजनीतिज्ञहरुले विश्लेषण गर्नुपर्छ। सैद्धान्तिक बहस गर्नुपर्छ ।

स्वास्थ्य बीमाको कुरा भएको ५ वर्ष भयो । हाम्रो बीमा प्रणाली नै लोककल्याणकारी छैन । हाम्रो बीमा प्रणाली बजारमुखी छ । यसलाई लोककल्याणकारी बनाउनुपर्छ । सामाजिक न्याय र समानताको सिद्धान्तको आधारमा बनाउनुपर्छ भन्दा हामीलाई बीमाविरोधीको आरोप लगाइन्छ ।

स्थानीय तहमा उठ्ने जनप्रतिनिधिहरुले अबको स्वास्थ्य प्रणालीलाई कसरी लोककल्याणकारी बनाउनुपर्छ भनेर बहस गरेर स्पष्ट भएपछि मात्र घोषणा गर्न सक्नुपर्छ । लोककल्याणकारी स्वास्थ्य सेवा भनेको राज्यले निःशुल्क, निःशुल्क भनिरहेको छ । तर त्यो निःशुल्क होइन । यो कुनै अर्थमन्त्री वा कुनै मन्त्री वा नेता र सचिवको खल्तीबाट जाने खर्च होइन । यो राज्यकोषबाट जाने हो । राज्य कोषको पैसा भनेको जनताले तिरेको रकम हो । त्यसैले यो निःशुल्क होइन । जनताले तिरेको पैसा भनेको करमा आधारित रकम हो ।

स्वास्थ्यमा हुने खर्च आवश्यकता अनुसार धेरै हुनेले धेरै तिर्छ, थोरै हुनेले थोरै तिर्छ । यदि नागरिकसँग छैन भने उसले तिर्दैनयस् । कुनै पनि नागरिकले स्वास्थ्य सेवा उपभोग गर्न पाउनुपर्छ । कसैले तिऱ्यो वा तिरेन भन्ने आधारमा स्वास्थ्य सेवा उपभोग गर्न पाउने होइन । उसले स्वास्थ्य सेवा उसको आवश्यकताका आधारमा उपभोग गर्न पाउनुपर्छ । तर हाम्रो क्षमता अनुसार योगदान दिन्छ । यसको सिद्धान्त भनेको क्षमता अनुसारको योगदान र आवश्यकता अनुसारको उपभोग हो । यो प्रणाली नै लोककल्याणकारी हो । यो सबै कुरामा माग गरिएको होइन । बजारमा बिक्री हुने वस्तु र स्वास्थ्य सेवा फरक विषय हुन् । स्वास्थ्य सेवा मागेर लिने कुरा र बजारले दया गरेर दिने विषय होइन । (डा शरद वन्तसँग स्वास्थ्यखबरकी रिता लम्सालले गरेको कुराकानीमा आधारित) स्वास्थ्य खबरबाट

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**विष्णुपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**तिलाठी कोइलाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, तिलाठी, सप्तरी**

# महिला झुण्डिएको अवस्थामा फेला



**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका निवासी एक महिला आफ्नै घरमा झुण्डिएको अवस्थामा फेला परेकी छिन्।

सो नगरपालिका वडा नं. ११ निवासी १९ वर्षीया मनिषा कुमारी साह बुधबार आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत फेला परेकी हुन्। मृतक मनिषाको दुई महिनाको बच्चा पनि छ।

माइती पक्षले घटना सुनियोजित भएको भन्दै उच्चस्तरिय छानबिनको माग गर्दै प्रहरीमा जाहेरी दिएका छन्।

मृतक मनिषाका पति २३ वर्षिय विकास पण्डित, ५२ वर्षिया सासु ललितादेवी पण्डित र ५४ वर्षिय ससुरा हरिदेव पण्डित विरुद्ध जिल्ला प्रहरी कार्यालय सप्तरीमा जाहेरी दिँदै घटनाको सत्यतथ्य छानबिन र दोषिमाथी कारवाहीको माग गरेका छन्।

मृतककी आमा ललितादेवी साहले घटनास्थलको अवस्था र छोरी मनिषाको शरीरको विभिन्न भागमा देखिएको चोटपटकको निसानले त्यो आत्महत्या नभई हत्या भएको दाबी गरिन्।

सप्तरीको रुपनी गाउँपालिका ३ माइती भएकी मनिषाको दुई वर्षअघि विकास पण्डितसँग प्रेम विवाह भएको थियो। राजविराजस्थित एक कलेजमा पढ्दै गर्दा दुबैबीच गहिरो प्रेम सम्बन्ध स्थापित भएपछि दुबै जना भागि प्रेम विवाह गरेका थिए।

मनिषाकी आमा ललिताले उक्त प्रेम विवाहबाट विकासका अभिभावक असन्तुष्ट रहेको तथा पटक पटक छोरीलाई शारीरिक र मानसिक यातना दिन थालिएको बताउँदै पछिल्लो दुई महिना यता छोरीसँग फोनमा समेत कुराकानी गर्न नदिइएको ससुराली पक्षमाथी आरोप लगाइन्।

उनले न्यायका लागि पहल गरिदिन संचारकर्मी र अधिकारकर्मीसँग आग्रह समेत गरेकी छिन्।

यता ससुराली पक्षले सामान्य घरायसी तनावमा आवेशमा आई आत्महत्या गरेको बताएपनि माइती पक्षले हत्या भएको दाबी गरेका छन्। मृतक मनिषाका ससुरा हरिदेव पण्डितले उक्त आरोप निराधार भएको दाबी गरे।

जिल्लाका प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधवप्रसाद काफ्लेले घटनाको सुक्ष्म अनुसन्धान थालिएको बताउँदै मृतकको पोष्टमार्टम प्रतिवेदन र घटनाको अन्य पाटोको भइरहेको अनुसन्धान प्रक्रिया सकिएपछि सबै सत्यतथ्य बाहिर ल्याउने जनाए।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## अन्तर्राष्ट्रिय समाचार

### आगलागीमा २० को ज्यान गयो

**नयाँदिल्ली**/भारतको नयाँ दिल्लीस्थित एक भवनमा भएको आगलागीमा परी कम्तीमा पनि २० को ज्यान गएको छ।

भारतीय राजधानी नयाँदिल्लीको मुन्डका मेट्रो स्टेशनमा रहेको एक भवनमा शुक्रबार राति आगो लागेको थियो।

त्यस आगलागीमा परी अरु कम्तीमा पनि ४० जलेर घाइते भएका छन्। ती घाइतेमध्ये अधिकांशको अवस्था गम्भीर रहेको बताएको छ।

उनीहरुलाई अस्पताल भर्ना गरिएको छ। भर्ना भएकाको अवस्था कतिपयको गम्भीर रहेकाले यस दुर्घटनामा परेर ज्यान जानेको संख्या बढ्न सक्ने पनि अधिकारीले जनाएका छन्।

सो भवन ठूलो थियो र यहाँ कैयौं कम्पनीका कार्यालय पनि रहेका छन्। यो भवनको दोस्रो र तेस्रो तल्लाबाट मात्र २० ओटा शव फेला पारिएको छ भने अरुतिर खोजीकार्य हुँदैछ।

यहाँ कम्तीमा पनि २४ ओटा अग्निनियन्त्रक परिचालन गरिएको छ। ठूलो भवन र धेरै नागरिक त्यहाँ रहेकाले यस आगलागीबाट ठूलो क्षति पुग्नसक्ने बताइएको छ।

यो आगलागीको कारण भने पत्ता लागेको छैन। विद्युत् चुहावट भएकाले आगो लागेको हुनसक्ने प्रारम्भिक जानकारी प्रहरीले दिएको छ। तर यसको कारणका बारेमा थप अनुसन्धान भइरहेको बताएको छ। भारतका राष्ट्रपति रामनाथ कोभिन्दले सो आगलागीको घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ। एजेन्सी

### अल जाजिराका पत्रकारको हत्याको संयुक्त राष्ट्रसंघको निन्दा

**संयुक्त राष्ट्रसंघ**/अल जाजिराका पत्रकारको हत्याको संयुक्त राष्ट्रसंघले कडा शब्दमा निन्दा गरेको छ।

अल जाजिराका पत्रकार सिरिन अबु अकलेहको गत बुधबार हत्या भएको थियो। इजरायली सेनाको कारबाहीको समाचार सङ्कलन गरिरहेका बेला उनको गोली हानी हत्या भएको थियो।

उनका अर्का एकजना साथी सो गोली प्रहारबाट गम्भीररुपमा घाइते भएका छन्। जेलिनमा इजरायली सैनिकले गरेको अपरेसनको समाचार सङ्कलन गरिरहेका बेला जेलिनमा उनको हत्या भएको थियो।

त्यस हत्याको कडा शब्दमा निन्दा गर्दै यस हत्यामा संलग्नलाई कारबाही गर्न माग गरिएको छ। समाचार सङ्कलनका लागि खट्ने पत्रकारको सुरक्षा हुनुपर्नेमा संयुक्त राष्ट्रसंघले जोड दिएको छ। एजेन्सी

### भारतमा कोरोनाका एक दिनमा दुई हजार ९५८ कोरोना संक्रमित

**नयाँदिल्ली**/भारतमा २४ घण्टाको समयावधी अर्थात शुक्रबार मध्यरातिसम्म दुई हजार ८५८ व्यक्ति कोरोनाका थप सङ्क्रमति भएपछि यहाँ कूल सङ्क्रमतिको सङ्ख्या चार करोड ३१ लाख १९ हजार ११२ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले शनिबार बिहान जानकारी दिएको छ।

विगत केही महिनायता न्यून विन्दुमा पुगेको कोरोना भाइरस सङ्क्रमणको पुनःकेही दिनयता नयाँ सङ्क्रमितको सङ्ख्या तीन हजार नाघेको थियो। यद्यपी गत मङ्गलबारबाट केही कमी आएको देखिएको छ।

यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप ११ को मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या पाँच लाख २४ हजार २०१ पुगेको छ। भारतभरी अझै पनि सक्रिय सङ्क्रमित १८ हजार ९६ रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ।

चौबिस घण्टाको समयावधी अर्थात बुधबार मध्यरातिसम्म तीन हजार ३५५ कोरोना निको भएका छन्। यसैसँगै हालसम्म चार करोड २५ लाख ७६ हजार ८१५ लाई कोरोना सङ्क्रमण निको भएको छ। एजेन्सी

### रुसले फिनल्याण्डलाई विद्युत् आपूर्ति बन्द गर्यो

**मस्को**/रुसको सबैभन्दा ठूलो बिजुली कम्पनी राओ नर्डिकले आपूर्ति गरिएको बिजुलीको भुक्तानी नगरेका कारण शनिबारदेखि फिनल्याण्डलाई बिजुली आपूर्ति बन्द गरेको छ।

कम्पनीका अनुसार बिजुलीको भुक्तानी प्राप्त गर्न केही समस्याहरू थिए जसका कारण उनीहरूले आपूर्ति निलम्बन गर्ने निर्णय गरेको तास समाचार एजेन्सीले रिपोर्ट गरेको छ। फिनल्याण्डको राष्ट्रिय विद्युत् प्रसारण ग्रिड अपरेटर फिङग्रिड ओयजले पनि एक तथ्याङ्मा सो कुराको पुष्टि गरेको छ।

कम्पनीका अनुसार बजारमा बेचेको बिजुलीको भुक्तानी प्राप्त गर्न समस्या भएका कारण रूसबाट आयात गरिएको बिजुलीको थप प्रत्यक्ष वा द्विपक्षीय बिक्री अर्को सूचना नभएसम्म रोकिनेछ।

धेरै वर्षदेखि रूसबाट फिनल्याण्डमा बिजुली आयात हुँदै आएको छ र यसलाई नोर्ड पुल एक्सचेन्जमा बेच्दै आएको छ। यो अवस्था असाधारण छ र हाम्रो व्यापारिक इतिहासको २० वर्षमा पहिलो पटक भएको हो, कम्पनीले भन्यो। एजेन्सी

# चोरी भएको बस फेला पर्‍यो




**राजविराज**/राजविराजस्थित एक घर अगाडीबाट चोरी भएको बस फेला परेको छ।

फेला पारिएको बस प्रहरीले सवारी धनीलाई बुझाएको छ।

राजविराज ८ निवासी प्रदिप कुमार जैनको घर अगाडी पार्किङ गरिराखिएको ना.५ख. ४६८५ नम्बरको लक्ष्मी गणेश ट्राभल्स नामक वस शनिवार राती चोरी भएको थियो।

उक्त बस राजविराजबाट करिब २ सय किलोमिटर टाढा पश्चिम महोत्तरी जिल्लाको लक्ष्मीनीयाँ गाउँबाट फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए।

उनका अनुसार खोज तलास जारी राखेकै बेला सोमवार मध्य राती लक्ष्मीनीया गाउँमा एउटा विद्युतको पोलमा उक्त बस ठोकिएको अवस्थामा फेला परेको हो। उनले चोरी गरी लाने ब्यक्ती बस छाडेर भागेको लक्ष्मीनीया प्रहरी चौकीबाट खबर प्राप्त भए लगत्तै सप्तरीबाट प्रहरी टोलीसहित सवारी धनीलाई पनि त्यसतर्फ पठाएर चोरी भएको सोही बस रहेको पुष्टि भएको बताए।

बस चोरी भएको भोली पल्टै विहान आईतवार सावरीधनी जैनले जिल्ला प्रहरी कार्यालय सप्तरीमा खोज तलासका लागी निवेदन दिएका थिए। उनले बस चोरी हुदाँका क्षणको सिसी क्यामेराको फुटेज पनि प्रहरीलाई उपलब्ध गराउदै खोज तलासका लागी आग्रह गरेका थिए।

चोरी गरी लाने ब्यक्तीको खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# ट्याक्टर पल्टिदा एकको मृत्यु

**राजविराज**/टयाक्टर पल्टिदा च्यापिएर एक जनाको ज्यान गएको छ।

शनिवार राती सप्तरीको बोदे बर्साईन नगरपालिका ७ स्थित मुसहरी टोलमा जाँदै गरेको प्रदेश-२-०१-००१त.२००१ नम्बरको ट्याक्टर अनियन्त्रित भई पल्टिदा सोही वडा निवासी १९ वर्षिय चालक शिव पोदारको मृत्यु भएको हो।

ट्याक्टर पल्टिदा चेपिएर पोदारको घट्नास्थल मै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन्।

मृतकको शवको स्थानीय गजेन्द्रनारायण सिह अस्पतालमा पोष्टमार्टम पश्चात आईतवार आफन्तलाई जिम्मा लगाई दुर्घटना बारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# बैंकको निक्षेपमा केही सुधार

**काठमाडौँ**/वाणिज्य बैंकहरुको निक्षेपमा झिनो सुधार देखिएको छ।

वैशाख तेस्रो साताको तुलनामा चौथो सातामा वाणिज्य बैंकहरुको निक्षेप संकलन रु पाँच अर्बले मात्रै बढेको हो।

नेपाल बैंकर्स संघका अनुसार वैशाख चौथो सातामा वाणिज्य बैंकहरुको कूल निक्षेप रु ४३ खर्ब ७३ अर्ब पुगेको छ। वैशाख १६ गतेसम्म रु ४३ खर्ब ६७ अर्ब रहेको निक्षेप २३ वैशाखसम्म आइपुग्दा रु पाँच अर्ब बढेर रु ४३ खर्ब ७३ अर्ब पुगेको हो।

वैशाखयता निरन्तर घटेको निक्षेप पछिल्लो साता केही सुधार देखिएको छ।

## *सप्तरीको दुई ...*

जनाएको छ।

यस्तै रुपनी गाउँपालिकाको वडा नं. ७ बसबिटी मतदान केन्द्रको पनि निर्वाचन स्थगित भएको छ। दुई पक्षबीच झडप हुन खोज्दा प्रहरीले पाँच राउण्ड हवाई फायर गरेको थियो। त्यहा स्थगित गरिएको निर्वाचनको मिति टुंगो लागेपछि पुनः निर्वाचन गराइने मुख्य निर्वाचन अधिकृत चन्द्रमणि ज्ञवालीले जानकारी दिएका छन्।

यस्तै वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा ८५ मतदान केन्द्रमा निर्वाचन स्थगन भएको छ।

निर्वाचन आयोगको संयुक्त निर्वाचन सञ्चालन केन्द्रमा शनिबार साँझसम्म प्राप्त विवरणानुसार लुम्बिनी प्रदेशबाहेक ६ वटा प्रदेशका १७ जिल्लाका ४४ मतदानस्थलका गरी ८५ केन्द्रमा मतदान स्थगन भएको हो।

तीमध्ये कतिपयमा पुनः निर्वाचनको मिति तोकिएको छ भने अन्यमा निर्णय भइसकेको छैन। आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले पुनः निर्वाचनको मिति तय गर्नुपूर्व स्थगन हुने कारण विश्लेषण, निर्वाचन सामग्रीको भण्डारण, सुरक्षा स्थितिको आङ्कलन गर्न भनिएको बताए। कतिपय मतदानस्थलमा देखिएको विवाद मिलाउन आयोगबाट टोली पनि जाने भएको छ।

## *सप्तरीमा ६५ ...*

नगरपालिका वडा नं. २ बाहेक सबै ५ सय ३५ मतदान केन्द्रमा उत्साह र शान्तिपूर्ण ढंगले मतदान भएको जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले जानकारी दिएका छन्। जिल्लामा ४ लाख १२ हजार ४ सय ४५ कुल मतदाता छन्।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

अनुरोधकर्ता

**सडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit Quick & Easy, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.

राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*